# चम्पादेवी गाउँपालिका, ओखलढुंगा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ७, संख्या १० मितिः २०८१/१२/०८**

## भाग २


स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चम्पादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति**: २०८१/१२/०८ **प्रमाणीकरण मिति**: २०८१/१२/०८

## "चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग र पशुपालन सुधार आयोजना अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"

**प्रस्तावना :** चम्पादेवी गाउँपालिकाको कृषि र पशुपंक्षी क्षेत्रको विकासको माध्यमबाट आर्थिक विकास गर्न सकिन्छ भन्ने विश्वासका साथ योजना तथा कार्यक्रम तर्जुमा हुदै आएको छ। व्यवसायिक कृषि प्रणालीको विकास मार्फत गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन, आर्गनिक कृषि वस्तु उत्पादनलाई बढवा दिन, कृषकहरुबाट उत्पादीत फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गर्न, स्थानीय रैथाने जातको बाली संरक्षण गर्दै बाह्रै महिना खेतबारीमा उत्पादन गर्ने उत्कृष्ट कृषकहरुको सम्मान/पुरस्कृत गर्न, कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई उपभोक्ताको पहुच सम्म पुर्याई बजारीकरण गर्न, पशुपंक्षी पलनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण कार्यको लागि कार्यविधि बनाउन वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस चम्पादेवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट "चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग र पशुपालन सुधार आयोजना अनुदान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग र पशुपालन सुधार आयोजना अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क) "कार्यविधि"** भन्नाले "चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग र पशुपालन सुधार आयोजना अनुदान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले कृषि विकास र पशुपालन, खाद्य सुरक्षा तथा पोषण कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले चम्पादेवी गाउँपालिका सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) **"कार्यालय"** भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) **"शाखा"** भन्नाले चम्पादेवी गाउँपालिका, कृषि तथा पशु सेवा शाखा सम्झनु पर्छ ।

(छ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) **"वडा कार्यालय"** भन्नाले चम्पादेवी गाउँपालिका मातहतका सबै १० वटा वडाहरु सम्झनु पर्छ ।

(झ) **"आवेदक"** भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कृषक समुह/सहकारी/निजी क्षेत्र/कृषक सम्झनु पर्छ ।

(ञ) **"निजी क्षेत्र"** भन्नाले व्यक्तिगत व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फार्म सम्झनु पर्छ ।

(ड) **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह सम्झनु पर्छ ।

(ढ) **"सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) चम्पादेवी गाउँपालिकालाई खाद्य सुरक्षा तथा कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालीको विकास गर्ने,

(ख) कृषि उपजको आयात प्रतिस्थापनको गरि कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण, आत्मनिर्भर बनाउने,

(ग) स्थानीय रैथाने जातको बाली संरक्षण गर्दै बाह्रै महिना खेतबारी बाँझो नराख्ने  कृषकलाई प्रोत्साहित गर्ने ।

(घ) कृषकहरुबाट उत्पादित फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गर्ने ।

(ङ) स्थानीय व्यवसायिक तरकारी, फलफूल उत्पादन सम्बन्धी तालिम, फलफूल विरुवा उत्पादन तथा खरिद गरी वितरण गर्न ।

(च) कृषि कार्यमा संलग्न कृषकहरुका लागि तालिम, पशुपालन कार्यलाई व्यवसायिक र आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गरी आय आर्जनको मुख्य स्रोतको विकासमा जोड दिने ।

छ) कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई उपभोक्ताको पहुच सम्म पुर्याई बजारीकरण गर्न ।

## परिच्छेद – २
## समिति सम्बन्धी व्यवस्था

४.चम्पादेवी गाउँपालिकाको कृषि अनुदान वितरण तथा प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी,पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि छनौट समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक | संयोजक |
| (ख) गाउँपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| (घ) गाउँपालिकाका योजना महाशाखा र शाखा र उपशाखाका प्रमुख | सदस्य |
| (ङ) गाउँपालिकाका उधोग वाणिज्य संघ,कृषि उधमि,व्यवसायी–सदस्य एग्रोभेटका प्रतिनिधि | सदस्य |
| (च) गाउँपालिकाका वित्तीय एवं कृषि सहकारी संस्थाका महिला प्रतिनिधि | सदस्य |
| (छ) गाउँपालिकाका भित्रका कृषक अगुवाको भेलाबाट मनोनयन भएका –सदस्य एकजना महिला र एकजना पुरुष प्रतिनिधी | |
| (ज) गाउँपालिकाका कृषि वा पशु सेवा महाशाखा र शाखाका प्रमुख | सदस्य–सचिव |

छनौट समितिले भैसीपालन,बाख्रा खोर,व्यवस्थापन,बंगुर पालन,प्राङ्गरिक मल उत्पादन कार्यक्रम,मौरीपालन कार्यक्रम,माछापालन प्रवर्द्धन कार्यक्रम तथा अन्य कृषि तथा पशु जन्य कार्यक्रम संचालन तथा व्यवस्थापनको मापदण्ड तथा अन्य कार्य सम्बन्धी निर्णय गर्न सक्ने छ ।

५. चम्पादेवी गाउँपालिकाको कृषि अनुदान वितरण तथा प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी,पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव अनुगमन तथा मूल्यांकन समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी -१ जना | सदस्य |
| (च) शाखा प्रमुखले तोकेको कृषि/पशु सेवा शाखाको कर्मचारी -१ जना | सदस्य |
| (छ) कृषि/पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

६. मूल्यांकन समितिले निर्णय गर्दा लिईने आधारहरु

(क) कृषि/पशु सेवाको कर्मचारीहरुले गरेको स्थलगत अनुगमन प्रतिवेदन ।

(ख) आवेदकले पेश गरेको अनुसुचि -१ बमोजिमको निवेदन, अनुसुचि -२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसुचि ३ बमोजिमका कार्य विवरण ।

(ग) शाखाको स्थलगत प्रतिवेदन तथा अन्य आवश्यक कागजात ।

(घ) समिति तथा समितिले तोकेको व्यक्तिहरुले गरेको अनुगमन प्रतिवेदन ।

(ङ) वडा अध्यक्ष र वडा सदस्यको रोहवरमा ४ जना छिमेकीको सर्जिमिन मुचुल्का सहितको सिफारिस पत्र ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**७.सूचना प्रकाशन :** यस स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि १५ दिने आवेदन मागको सूचना प्रकाशन गरी माग संकलन गर्नुपर्नेछ ।

**८. प्रस्ताव पेश गर्ने :** कार्यक्रम सहभागि हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु, अनुसुचि-१ बमोजिमको आवेदन पत्र, अनुसुचि-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसुचि-३ बमोजिमका कार्य विवरण, अनुसुचि-४ बमोजिमको स्वघोषण पत्र र सूचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

## परिच्छेद -४
## अनुदान प्राप्ती र वितरण गर्न आवश्यक मापदण्ड

### ९. कृषि प्रवर्द्धन कार्यक्रम

क. आलु उत्पादन गर्ने कृषकले ३० देखी ५० मुरी सम्म उत्पादन गरेमा रु ५ हजार र ५० मुरी भन्दा माथि उत्पादन गरेमा रु १० हजार सम्म प्रोत्साहन गरिनेछ ।

ख. स्थानीय रैथाने जातको बाली संरक्षण गर्दै बाह्रै महिना खेतबारी बाँझो नराख्ने नीति अर्न्तगत कोदो, गहुँ र फापर उत्पादन गर्ने कृषकका लागि ३ देखी ५ मुरी उत्पादन गर्नेलाई रु ३ हजार, ५ देखि १० मुरी उत्पादन गर्नेलाई रु ६ हजार र १० मुरी माथी उत्पादन गर्नेलाई रु १० हजार प्रोत्साहनको व्यवस्था गरिनेछ । त्यसै गरि २०० के.जी. देखी ५०० के.जि. सम्म दालबाली उत्पादन गर्ने कृषकलाई रु ५ हजार, ५०० के.जि. देखी माथी उत्पादन गर्ने कृषकलाई रु ८ हजार प्रोत्साहन गरिनेछ ।

ग. घाँसबाली लगाउने कार्यलाई प्रोत्साहीत गरिने छ । १० रोपनी भन्दा माथी उन्नत जातको घासबाली लगाउने कृषकलाई रु १० हजार प्रोत्साहन गरिनेछ ।

घ. रेशम खेतीलाई जोड दिदै २० रोपनीमा किम्बु खेती गरि सो खेती गर्ने कृषकलाई रु २५ हजार प्रोत्साहन गरिनेछ ।

ङ. १०० के जि भन्दा माथि सुर्ति उत्पादन गर्ने कृषकलाई रु ३ हजार प्रोत्साहन गरिनेछ ।

### १०. पशुपंक्षी प्रवर्द्धन कार्यक्रम

क. व्यवसायिक पशुपालन अन्तर्गत २५ देखी ५० वटा सम्म बाखा पालन गर्नेलाई १५ हजार, ५० देखी ६० वटा सम्मलाई ३० हजार र ६० देखी माथी पाल्ने कृषकलाई विशेष व्यवस्था गरिनेछ ।

ख. भैसी पालन अर्न्तगत एक घर ३ लैना हुने किसानको लागि रु २५ हजार प्रोत्साहन साथै ३ लाख सम्म बैंकबाट लोन लिदा ३ बर्ष सम्मको व्याज अनुदान दिइनेछ ।

ग. बंगुर पालन तर्फ व्यवसायिक रुपमा २० ओटा भन्दा बढि पाल्ने कृषकका लागि रु २० हजार र २ माउ पाली बच्चा उत्पादन गर्ने कृषकका लागि रु ५ हजार प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

घ. कुखुरा पालन कार्यलाई सुदृढ बनाउन २०० वटा भन्दा बढि स्थानीय जातका कुखुरा पाल्ने कृषकलाई रु १० हजार प्रोत्साहन गरिनेछ।

ङ. मौरी  पालन गर्ने कृषकका लागि ५० घार भएमा रु ५० हजार र सो भन्दा माथी प्रतिघार रु २ हजारका दरले प्रोत्साहन गरिने छ ।

**११.** दफा ८ र ९ बमोजिम प्रोत्साहन गर्दा प्रत्येक आर्थिक बर्षको नीति तथा कार्यक्रम र गाउँ सभाको निर्णय अनुसार परिमार्जित गरि प्रोत्साहन गरिनेछ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**१२.** यस कार्यक्रमको लेखा परीक्षण तथा आर्थिक कारोवार सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

**१३.भुक्तानी** : भुक्तानी प्रकृयाको लागी तपशिलका कागजातहरु सहित निवेदन दिनुपर्ने छ :

- सम्झौता तथा सम्झौता गर्दा बखतको आवश्यक कागजातहरु।
- अनुदानग्राहीको बैंक खाता अनिवार्य रुपमा हुनुपर्ने छ,बैंकिङ प्रणाली मार्फत भुक्तानी हुनेछ ।
- खर्चको विवरणको अनलाईन प्रणाली मार्फत भुक्तानी भएको बिल भरपाइको प्रमाण।
- सम्बन्धित वडाको सिफारिस।
- सम्बन्धित बाली/पशुपंक्षी/वस्तुको काम गरेको देखिने फोटो ।
- लागत साझेदारी सम्बन्धी आवश्यक आगजातहरु ।
- अनुगमन तथा मूल्यांकन समितिको फिल्ड प्रतिवेदन पश्चातको सिफारिस ।
- वडा अध्यक्ष र वडा सदस्यको रोहवरमा ४ जना छिमेकीको सर्जिमिन मुचुल्का सहितको सिफारिस पत्र ।
- अन्य प्रकृया सार्वजनिक खरिद ऐन, नियमावली आनुसार गर्नुपर्नेछ ।

## परिच्छेक - ५
## विविध

**१४.अनुगमन तथा मूल्यांकन :** कृषि/पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मुल्यांकन समितिले मुल्यांकनको आधारको अधिनमा रहि मुल्यांकन गर्नुपर्ने छ। अनुगमन समिति तथा अनुगमन कर्ताबाट गलत सूचना र सिफारिस भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

**१५.कारवाहीको व्यवस्था :** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्ने छ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित व्याजसहित असुल उपर गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन । साथै सिफारिस कर्ताबाट गलत विवरण उल्लेख गरेमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**१६..प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका बुदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुने छ ।

१७**. संशोधन** : यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधाअड्चन परेमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

## अनुसुची - १
## आवेदन - पत्र

मिति :

श्री कार्यालय प्रमख ज्यू,
चम्पादेवी गाउँपालिकाको कार्यालय
कालिका ओखलढुंगा ।

**विषय :** प्रोत्साहन/अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

**महोदय,**

प्रस्तुत बिषयमा मिति ..........................गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम कृषि/पशु प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सुचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिन्छ। सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**तपशिल :**

१. अनुसुचि -१ बमोजिमको आवेदन पत्र, अनुसुचि -२ बमोजिमको प्रतिवद्धता अनुसुचि -३ बमोजिमका कार्ययोजना विवरण ।

२. सम्बन्धीत व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।

३. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुचि -४ बमोजिमको स्वघोषण पत्र ।

४. कृषक समुह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि ।

५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र ।

निवेदक :

नाम :
ठेगाना :
मोवाईल नं. :
दस्तखत :
संस्थाको छाप

**अनुसुचि -२**
**प्रतिबद्धता पत्र**

........................को मिति ........................को सूचना ..................... ....कार्यक्रम/प्रोत्साहन कार्यमा सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौँ । उक्त कार्यक्रम/प्रोत्साहन कार्यमा छनौट भएमा गाउँपालिकाले तोके बमोजिमको कार्य गर्ने छु। गाउँपालिकाबाट प्राप्त अनुदान/प्रोत्साहन रकम प्राप्त भएमा सोही अनुसारको काममा लगानी गर्ने र अर्को बर्ष समेत उत्पादन कार्य बृद्धि गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्छौं । अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

**सझेदारको तर्फबाट**
नाम :
ठेगना :
मोवाईल नं. :
दस्तखत :
संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसुची -३

## कार्य विवरण

१. व्यवसायको परिचय/उत्पादित वस्तुको नाम :

२. उत्पादनको परिमाण :

३. खेती/व्यवसाय गरेको जग्गाको क्षेत्रफल :

४. खेती/व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण :

५. खेती/व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरण :

६. खेती/व्यवसाय सञ्चालन गर्दा लगानी (क कस्को ?):

**आवेदन पेश गर्ने साझेदारीको :**

कृषक/निजी फार्म/ समूह/सहकारीको नाम..........................................सम्पर्क नं...............................

ठेगाना : जिल्ला .......................गाउँपालिका/...................................वडा नं........ गाउँ/टोल...................

आवेदकको तर्फबाट सहि गर्नेको :

नाम : औठाको/संस्थाको छाप :

दस्तखत :

मिति :

आज्ञाले,
विश्वनाथ भण्डारी
प्रमुख प्रशासकीय अधिकृत